# <u>वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्नेसम्बन्धी मापदण्ड, २०७६</u>

**<u>प्रस्तावनाः</u>**

नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २१ बमोजिम वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने कुरालाई नियमित र व्यवस्थित गर्दै सक्षम र योग्य व्यक्तिलाई उपाधि प्रदान गरी यो उपाधिको मर्यादा र प्रतिष्ठा अभिबृद्धि गर्न मूल्याङ्कन र छनौट गर्ने प्रक्रिया व्यवस्थित गर्नु वाञ्छनीय भएकाले सर्वोच्च अदालतले यो मापदण्ड बनाई जारी गरेको छ।

१. यो मापदण्डको नाम "वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्नेसम्बन्धी मापदण्ड, २०७६" रहेको छ।

२. यो मापदण्ड सर्वोच्च अदालतको पूर्ण बैठकबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।*

३. विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) ***"अधिवक्ता"*** र ***"वरिष्ठ अधिवक्ता"*** भन्नाले नेपाल कानून व्यवसायी परिषद ऐन, २०५० बमोजिम दरिएका अधिवक्ता र वरिष्ठ अधिवक्ता सम्झनुपर्छ।

(ख) ***"सिफारिस समिति"*** भन्नाले यस मापदण्डको प्रकरण ५ बमोजिम वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्न प्राप्त सूचना/विवरणहरूको परीक्षण गरी सर्वोच्च अदालतको पूर्ण-बैठक (फूलकोर्ट) समक्ष सिफारिस पेश गर्न गठित समिति सम्झनुपर्छ।

(ग) ***"पुनरावेदन तहको अदालत"*** भन्नाले साबिकको अञ्चल अदालत, क्षेत्रीय अदालत, पुनरावेदन अदालत र हालको उच्च अदालतलाई समेत सम्झनुपर्छ। यो वाक्यांशले एकजना भन्दा बढी मुद्दा हेर्ने न्यायाधीश वा अधिकारी सम्मिलित भई संयुक्त रुपमा मुद्दा हेर्ने गरी खडा गरिएका विशेष अदालत, राजश्व न्यायाधीकरण, वैदेशिक रोजगार न्यायाधीकरण, प्रशासकीय अदालत समेतलाई जनाउने छ।

४. वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने कुरामा नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० तथा सर्वोच्च अदालत नियमावली, २०७४ मा रहेका प्रावधानको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी अन्य सबै काम कारबाही र निर्णय प्रक्रिया यसै मापदण्ड अनुसार सञ्चालित हुनेछन्।

५. वरिष्ठ अधिवक्ताको उपाधिका लागि सूचना/विवरण संकलन गर्न एवम् त्यस्तो व्यक्तिको क्षमता, प्रतिष्ठा, अदालत र समाजलाई दिएको योगदान, नैतिक आचरण, निष्ठासमेतका समग्र पक्षको परीक्षण गरी उपाधिका लागि सर्वोच्च अदालतको पूर्ण बैठकमा सिफारिस पेस गर्न देहायबमोजिमको *<u>पाँच सदस्यीय</u>* ***"वरिष्ठ अधिवक्ता उपाधि सिफारिस समिति"*** रहने छः

---

* मिति २०७६।१०।२७ को सर्वोच्च अदालतको पूर्ण बैठकबाट स्वीकृत

| | | |
|---|---|---|
| १ | प्रधान न्यायाधीश वा निजले तोकेको सर्वोच्च अदालतका न्यायाधीश | **अध्यक्ष** |
| २ | प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका **तीन जना** न्यायाधीश | **सदस्य** |
| ३ | सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार | **सदस्य-सचिव** |

६. सर्वोच्च अदालतमा एउटा छुट्टै शाखाको रूपमा वरिष्ठ अधिवक्ता उपाधि सिफारिस समितिको सचिवालय रहने छ। मुख्य रजिष्ट्रारको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने यस सचिवालयमा आवश्यक संख्यामा कर्मचारीहरू रहने छन्। वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने सम्बन्धमा आवश्यक सबै प्रशासनिक तथा व्यवस्थापकीय कार्य यही सचिवालयबाट सम्पादन हुनेछ।

७. वरिष्ठ अधवित्ताको उपाधि सिफारिस समितिले प्रत्येक वर्षको जेष्ठ महिनामा वरिष्ठ अधवित्ताको उपाधी प्रदान गर्न योग्य व्यक्तिको छनौटका लागि देहायबमोजिमको माध्यम र प्रक्रिया अवलम्बन गरी सूचना/विवरण संकलन गर्नेछ;

(क) सार्वजनिक संचारको उपयुक्त माध्यमबाट सूचना आव्हान गर्ने तथा सर्वोच्च अदालतको वेभसाइटमा समेत सो सम्बन्धी सूचना राख्ने।

(ख) नेपाल वार एशोसिएशन तथा सर्वोच्च अदालत वार एशोसिएशनमार्फत विवरण संकलन गर्ने।

(ग) आवश्यकता अनुसार सिफारिस समिति आफैंले वा सम्बन्धित उच्च अदालत/इजलासको मुख्य न्यायाधीश/इजलासको मुख्य भई काम गर्ने न्यायाधीश मार्फत थप सूचना/विवरण प्राप्त गर्ने।

माथी वरिष्ठ अधिवक्ताको उपाधी प्रदान गर्न समितिले कार्य प्रारम्भ गर्ने मितिका सम्बन्धमा जुनसुकै कुरा लेखिएको भए तापनि यो मापदण्ड लागू भएपछि पहिलो पटकको लागि सिफारिस समिति गठन भएको मितिले एक महिनाभित्र आफ्नो कार्य प्रारम्भ गरी उपाधीका लागि योग्य व्यक्तिको नाम सिफारिस गर्न सक्नेछ।

८. प्रकरण नं. ७ बमोजिम सिफारिस समितिमा प्राप्त सूचना/विवरणहरू उपर आवश्यक अध्ययन, मूल्यांकन र छानविन गरी वरिष्ठ अधिवक्ताको उपाधी प्रदान गर्न योग्य व्यक्तिहरूको नामावली सिफारिस समितिले भाद्र १५ गतेभित्र सर्वोच्च अदालतको पूर्ण बैठक समक्ष सिफारिस गर्नु पर्नेछ।

तर यो मापदण्ड लागू भएपछि पहिलो पटक गठन भएको सिफारिस समितिले कार्य प्रारम्भ गरेको मितिले २(दुई) महिनाभित्र त्यस्तो सिफारिस सर्वोच्च अदालतको पूर्ण बैठक समक्ष प्रस्तुत गर्न सक्नेछ।

९. वरिष्ठ अधिवक्ताको उपाधिका लागि पेशागत अनुभवको अवधि कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २१ मा तोकिएअनुसार न्यूनतम पनि १५ (पन्ध्र) वर्ष पूरा भएको हुनु पर्नेछ।

१०. अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको अवधि जतिसुकै वर्ष अगाडिको भएपनि सर्वोच्च अदालत वा पुनरावेदन तहको अदालतमा वास्तविक रूपमा कानून व्यवसाय गरेको अवधि १५ वर्ष पूरा भएको वस्तुगत आधारमा प्रमाणित नभएका व्यक्तिलाई वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गरिने छैन। प्रकरण ११ को देहाय क, ख र ग को अवस्थामा सोहीबमोजिम हुनेछ।

११. कानून व्यवसायको पेशामा संलग्न नै नरहेका, अन्य पेशा व्यवसायमा रहेका, कुनै सरकारी निकाय वा सार्वजनिक संस्थान वा कुनै विश्वविधालय, वा निजी संस्था वा प्रतिष्ठान (Private company or Business enterprise) मा पूर्णकालिन काम गर्ने कुनै स्थायी वेतनधारी पदमा बहाल रहेका व्यक्तिलाई वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गरिने छैन।

**तरः**

(क) वरिष्ठ अधिवक्ताको उपाधिका लागि यस मापदण्डमा तोकिएका अन्य सबै शर्त र प्रक्रिया पूरा गरेका र कानून व्यवसायमा नियमित रूपमा संलग्न रही आएका अधिवक्ताहरूलाई निज कुनै विश्वविद्यालयमा कानून विषयको प्राध्यापन कार्यमा संलग्न रहेको वा सम्बन्धित संस्थाबाट अनुमती लिई कानून व्यवसायमा संलग्न रहेको भए पनि निजलाई उपाधि प्रदान गर्न सकिने छ।

(ख) पुनरावेदन तहको अदालत वा जिल्ला अदालतको न्यायाधीशको हैसियतले कार्य गरेका र सेवा-निवृत्त भई कानून व्यवसायमा संलग्न रहेका व्यक्तिको हकमा निजले न्यायाधीशको हैसियतले कार्य गरेको अवधिलाई कानून व्यवसाय गरेको अवधिको रूपमा गणना गर्न सकिनेछ। तर सो हैसियतले अनुभव हासिल गरेको अवधि गणना गरी उपाधि प्रदान गर्नका लागि निज सेवा-निवृत्त भएपछि कम्तीमा पनि ५ वर्ष कानून व्यवसायमा संलग्न रहेको र यस मापदण्डमा उल्लेख भएका अन्य शर्तहरू पूरा गरेको हुनु पर्नेछ।

(ग) न्याय सेवाको अधिकृतस्तरको कुनै पदमा रही कार्य गरेको अवधिलाई पनि पेशागत अवधिमा गणना गर्न सकिने छ। तर, सो हैसियतले अनुभव हासिल गरेको अवधि गणना गरी उपाधि प्रदान गर्नका लागि निज सेवा-निवृत्त भएपछि कम्तीमा पनि ५ वर्ष कानून व्यवसायमा संलग्न रहेको र यस मापदण्डमा उल्लेख भएका अन्य सबै शर्तहरू पूरा गरेको हुनु पर्नेछ।

१२. वरिष्ठ अधिवक्ताको उपाधिका लागि सम्भाव्य व्यक्तिले कम्तीमा पनि विगत ५ (पाँच) वर्षको व्यावसायिक कर चुक्ता गरेको हुनु पर्नेछ।

१३. वरिष्ठ अधिवक्ताको उपाधिका लागि सम्भाव्य व्यक्तिले पछिल्लो ५ वर्षमा नियमित रूपमा अधिवक्ताको प्रमाणपत्र अधावधिक गराएको हुनुपर्नेछ। यसरी प्रमाणपत्र अधावधिक नगराएका अधिवक्तालाई वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गरिने छैन।

१४. वरिष्ठ अधिवक्ता उपाधिका लागि छनौट भएका व्यक्तिले रु.१५,०००।- *(पन्ध्र हजार रुपैँया)* प्रक्रिया वापतको दस्तुर (Processing Charge/Fee) दाखिला गर्नु पर्नेछ।

१५. पुनरावेदन तहको अदालत वा जिल्ला अदालतको न्यायाधीश वा सरकारी वकील वा न्याय सेवाको अधिकृत वा कानून विषयका प्राध्यापक वा अन्य कुनै सार्वजनिक जवाफदेहीको पदमा रहीसकेका व्यक्ति उपर आचरण, चरित्र सम्बन्धी अभियोगमा कुनै विभागीय कारवाही र सजायको परिणामस्वरुप सेवा-निबृत भएको भए त्यस्तो व्यक्तिलाई वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गरिने छैन।

**तरः**

सेवा सम्बन्धी आचरण प्रतिकूल कार्य गरेको भनी पदबाट हटाइएको अवस्थामा वाहेक अन्य प्रकारको सामान्य सजाय (उदाहरणका लागिः नसिहत दिएको, सचेत गराएको, तलब-बृध्दि केही अवधिका लागि रोक्का भएको) अवस्था रहेछ भने सो सजाय दिने निर्णय भएका मितिले ५ (पाँच) वर्ष पुरा भएपछि वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्न सकिने छ।

१६. कुनै सरकारवादी फौजदारी मुद्दामा अदालतमा अभियोगपत्र दायर भई विचाराधीन रहेको अवस्थाका कुनै पनि व्यक्तिलाई वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गरिने छैन।

१७. कानून व्यवसायीको रूपमा पेशामा संलग्न रहँदा व्यावसायिक आचरणसम्बन्धी नियमहरू उल्लंङ्घन गरेको कारणबाट कुनै सामान्य प्रकृतिको कारबाही र सजाय भएको रहेछ भने सो सजाय दिने निर्णय भएका मितिले ५ (पाँच) वर्षको अवधि पुरा भएपछि वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्न सकिने छ।

१८. सम्बन्धित व्यक्तिले सर्वोच्च अदालत वा पुनरावेदन तहको अदालतमा कम्तिमा १५(पन्ध्र) वर्ष कानून व्यवसाय गरेको तथ्यको प्रमाणिकरण र मूल्यांकनका लागि आफूले वहस पैरवी गरेका कम्तिमा ५०(पचास) वटा फैसलाको पक्ष विपक्षको नाम, अदालत, मुद्दा नं., निर्णय नं. र निर्णय मितिसहितको विवरण पेस गर्नुपर्ने छ।

तर अधिवक्ताको प्रमाणपत्र लिई न्यायाधीश वा न्याय सेवाको अधिकृतको पदमा रही सेवा निवृत्त भएको व्यक्तिले कम्तिमा ५(पाँच) वर्ष वहस पैरवी गरेको हुनु पर्नेछ।

उपरोक्त बमोजिमको विवरणका आधार सिफारिस समितिको सचिवालयले विद्युतीय माध्यमबाट फैसलाहरूको संकलन गर्नेछ। विद्युतीय माध्यममा फैसला उपलब्ध नभएमा सम्बन्धित व्यक्तिलाई त्यस्तो फैसला पठाउन अनुरोध गर्न सक्नेछ।

१९. सिफारस समितिले देहायका विषयहरू तथा समितिले आवश्यक ठानेका अन्य उपयुक्त विषयसमेतका आधारमा वरिष्ठ अधिवक्ताको उपाधिको लागि योग्य व्यक्तिको पहिचान गर्नेछ।

| क्र.सं. | मूल्याङ्कनको विषय / शीर्षक |
|---|---|
| १ | अधिवक्ताको हैसियतले कानून व्यवसायमा संलग्न रहेको अवधी |
| २ | शैक्षिक उपाधिका सिलशिलामा गरेको शोध-कार्य बाहेक कानून र न्यायको क्षेत्रमा शोध, अनुसन्धानात्मक कार्य र कृतिको प्रकाशन |
| ३ | विषयगत विशेषज्ञता तथा व्यावसायिक क्षमता र सक्रियता |
| ४ | व्यक्तित्व, नेतृत्व क्षमता, अदालत र समाजलाई सहयोग गर्ने भावना / तत्परता |
| ५ | व्यावसायिक आचरण, निष्ठा (Integrity) |

२०. प्रकरण १९ ***(तालिकाको क्रम संख्या १)*** मा उल्लेख भए अनुसार "कानून व्यवसायमा संलग्न रहेको" अवधिको मूल्यांकन गर्दा सिफारिस समितिले कानून व्यवसायमा संलग्न रहेको वर्ष र अनुभवको आधारमा मूल्यांकन गर्नेछ।

२१. प्रकरण १९ ***(तालिकाको क्रम संख्या २)*** मा उल्लेख भए अनुसार प्रकाशनको "सोध अनुसन्धानात्मक कार्य र कृति प्रकाशन"को मुल्यांङ्कन गर्दा शैक्षिक उपाधिका सिलशिलामा गरेको शोध-कार्य बाहेक कानून र न्यायको क्षेत्रमा शोध, अनुसन्धानात्मक कार्य गरेको, उपयोगी र स्तरीय कृति प्रकाशन गरी कानूनी साहित्यको विकाशमा योगदान दिएको, कानून न्याय सम्वन्धी पुस्तक वा पत्रिका *(Journal)* प्रकाशनका लागि सम्पादनको कार्यमा संलग्न रहेको लगायतका कुराहरुको मूल्यांङ्कन गरिनेछ।

२२. प्रकरण १९ ***(तालिकाको क्रम संख्या ३)*** मा उल्लेख भए अनुसार ***"विषयगत विशेषज्ञताको"*** मूल्यांङ्कन गर्दा निजले हासिल गरेको उच्चस्तरको शैक्षिक योग्यता, कानून र न्यायका क्षेत्रमा विकशित नवीनतम् आयाम वा अवधारणाहरु लगायत खास-खास विषयमा हासिल गरेको विशिष्टीकृत ज्ञान र अनुभव (Specialised Knowledge and Experience) सम्बन्धी कुराहरुको मूल्यांङ्कन गरिनेछ।

२३. "व्यावसायिक क्षमता र सक्रियताको" मूल्यांङ्कन गर्दा कानूनी सहायता वा Pro Bono कानूनी सहयोग प्रदान गरेको महत्वपूर्ण सार्वजनिक सरोकारको विवादमा न्याय निरुपणका लागि योगदान दिई यस सम्वन्धी विधिशास्त्रको विकाशमा योगदान दिएको, कानूनी शिक्षा र व्यवसायिक प्रशिक्षण प्रदान गर्ने कार्यमा देखाएको सक्रियता, मध्यस्थ तथा मेलमिलापको

माध्यमवाट कानूनी विवाद समाधानका लागि गरेको योगदान लगायतका कुराहरुको मूल्यांङ्कन गरिनेछ।

२४. प्रकरण १९ *(तालिकाको क्रम संख्या ४)* मा उल्लेख भए अनुसार ***"व्यक्तित्व, नेतृत्व क्षमता, अदालत र समाजलाई सहयोग गर्ने भावना / तत्परता"*** जस्ता कुराहरुको मूल्यांङ्कन गर्दा कानून व्यवसायको संस्थागत विकाश तथा व्यवसायिकताको प्रवर्द्धन गर्नमा पुऱ्याएको योगदान; कानून, न्याय र न्यायिक प्रकृयाको विषयमा सुधारका लागि निर्वाह गरेको भूमिका; अदालतप्रति देखाएको सद्भाव; मेलमिलाप पद्दति, वाल न्याय, निजी अर्न्तराष्ट्रिय कानून, वौद्धिक सम्पति, मानव अधिकार, वातावरण संरक्षण जस्ता कुराहरुमा गरेको योगदान समेतको समष्टिगत रूपमा मूल्यांङ्कन गरिनेछ।

२५. प्रकरण नं.१९ को (तालिकाको क्रम संख्या ५) मा उल्लेख भए अनुसार "व्यावसायिक आचरण, निष्ठा (Integrity)" को मूल्यांङ्कन गर्दा सम्बन्धित उम्मेदबारले कानून व्यवसाय गरी आएको मूल स्थानमा रहेको उच्च अदालत/इजलासको मुख्य न्यायाधीश/मुख्य भई कान गर्ने न्यायाधीश, बार काउन्सिल तथा निजले पहिले कार्य गरेको सम्बन्धित संस्थाबाट चरित्र, आचरण तथा क्षमताका विषयमा प्राप्त सूचना, जानकारी वा प्रतिकृया तथा अन्य स्रोतबाट प्राप्त जानकारीसमेतका आधारमा मूल्याङ्कन गरिनेछ। यसरी मूल्यांङ्कन गर्दा सम्वन्धित उम्मेदवारको चरित्र, निष्ठा सम्बन्धमा सर्वसाधारण मानिसको बुझाई वा दृष्टिकोण (General Public Image) समेत बुझी मूल्यांङ्कन गर्न सकिनेछ। यसरी मूल्यांकन गर्दा कुनै उम्मेदवारको चरित्र सामाजिक दृष्टिले निन्दनीय वा आलोच्य छ, छैन भन्ने कुराको समेत विचार गरिनेछ।

२६. सिफारिस समितिले वरिष्ठ अधिवक्ताको उपाधिका लागि उपयुक्त व्यक्तिको छनौट गर्दा यस मापदण्डमा उल्लेख भएका कुराहरुको सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी समावेशी सिध्दान्त वा मान्यता अनुकूल छनौट गर्नु पर्नेछ।

२७. सिफारिस समितिले आवश्यक ठानेमा वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गरिने व्यक्तिहरूका सम्बन्धमा सम्बन्धित उच्च अदालत/इजलासको मुख्य न्यायाधीश/मुख्य भई काम गर्ने न्यायाधीशसँग बुझ्न र सो कार्य सम्पन्न भएपछि नामावलीसहितको प्रारम्भिक सूची तयार गरी सार्वजनिक प्रतिकृयाको लागि निश्चित समय तोकी प्रकाशन गर्न सक्नेछ। यसरी नामावली प्रकाशित भएकोमा कुनै व्यक्तिको सम्बन्धमा कुनै उजुरी वा प्रतिकृया प्राप्त हुन आएमा सो उपर समेत विचार गरी अन्तिम सूची तयार गर्नु पर्नेछ।

२८. माथी प्रकरण १९ मा उल्लेख भएका मुल्यांकनका आधार (मूल्यांकनका विषय/शीर्षक) हरूमा माथिल्लो योग्यताक्रममा रहेका उपयुक्त व्यक्तिहरूको नाम वरिष्ठ अधिवक्ताको उपाधिको लागि सिफारिस समितिको पूर्ण बैठक समक्ष पेस गर्नेछ।

२९. वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने निर्णयका लागि पूर्ण-बैठक बस्ने कुराको जानकारी बैठक बस्नुभन्दा कम्तिमा १५ दिन अगाडी सर्वोच्च अदालतमा तत्काल बहाल रहेका सवै न्यायाधीशहरुलाई लिखित रुपमा दिनु पर्नेछ।

३०. वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्नका लागि सिफारिस समितिबाट योग्य व्यक्तिको नाम सिफारिस भई आएपछि सर्वोच्च अदालतको पूर्ण बैठकमा उपस्थित न्यायाधीशहरूको मतैक्य भएमा बाहेक कुनै व्यक्तिका सम्बन्धमा मत विभाजन हुने अवस्था आएमा गोप्य मतदान (Secret Ballot) प्रक्रियाबाट निर्णय गरिनेछ।

३१. वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने निर्णयका लागि बसेको पूर्ण-बैठकमा सर्वोच्च अदालतमा तत्काल बहाल रहेका कम्तीमा तीन-चौथाइ न्यायाधीशहरूको उपस्थिति रहनु अनिवार्य हुनेछ।

३२. वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने प्रस्ताव स्वीकृतिका लागि "पूर्ण बैठकमा उपस्थित न्यायाधीशहरूको तीन-चौथाइ मत" आवश्यक हुनेछ।

३३. मतदान प्रक्रियामा सामेल हुन नचाहने सर्वोच्च अदालतका कुनै न्यायाधीशलाई सो प्रक्रियाबाट अलग रहन बाधा पर्ने छैन।

३४. सिफारिस समितिबाट प्रस्तावित नामावली भित्र सिमित रही पूर्ण बैठकले वरिष्ठ अधिवक्ताको उपाधी प्रदान गर्ने निर्णय गर्नेछ। प्रस्तावित नामावलीमा रहेको कुनै नाम पूर्ण बैठकबाट अस्वीकृत हुन सक्नेछ। साथै, प्रस्तावित नामावलीमा नाम समावेश भए वाहेक अन्य कुनै व्यक्तिलाई वरिष्ठ अधिवक्ताको उपाधी प्रदान गर्न उपयुक्त छ भन्ने पूर्ण बैठकलाई लागेमा त्यस्तो व्यक्तिको सम्बन्धमा सिफारिस समितिलाई आवश्यक अध्ययन गरी पूर्ण बैठक समक्ष पेश गर्न लगाउन सक्नेछ। सिफारिस समितिले उपाधी प्रदान गर्न उपयुक्त छ भनी सिफारिस गरेमा पूर्ण बैठकले त्यस्तो व्यक्तिलाई वरिष्ठ अधिवक्ताको उपाधी प्रदान गर्न सक्नेछ।

३५. वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गरिएपछि निर्धारित ढाँचामा त्यसको अभिलेख राखिनेछ।

३६. कुनै वरिष्ठ अधिवक्ताले स्वेच्छाले उपाधि परित्याग गर्न चाहेमा उपाधि परित्याग गर्न आवेदन दिन सक्नेछ। यसरी आवेदन परेपछि सर्वोच्च अदालतको पूर्ण बैठकबाट निजको आवेदन स्वीकृत भएमा निजलाई प्रदान गरिएको उपाधि रद्द हुनेछ।

३७. यस मापदण्डमा उल्लेख भएका कुराहरू यसैबमोजिम हुनेछन्। मापदण्डमा उल्लेख नभएका कुराका हकमा अवस्था अनुसार सर्वोच्च अदालतको पूर्ण बैठक तथा सिफारिस समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछन्।